रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश,नेपाल
छहरा, पाल्पा

०७५-६९१०२५
०७५- ६९२३४३

Website:www.rainadevichhaharamun.gov.np
Email:rainadevichhaharamun@gmail.com


च.नं. ८६२
प.सँ.२०७८/२०७९

मिति : २०७८।०८।२७

विषय : १२-१७ वर्ष उमेर सम्मका विद्यार्थी एवं बालबालिकाहरुको नामाबली विवरण संबन्धमा ।

श्री गाँउपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरु
तथा सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरु ।

प्रस्तुत विषयमा स्वास्थ्य कार्यालयको मिति २०७८।०८।२४ च.नं.१७१ को पत्रानुसार यस रैनादेवि छहरा गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुमा अध्ययनरत सबै १२-१७ वर्षका यदि विद्यालय क्षेत्र बाहिर विद्यालय नजाने बालबालिकाहरु हुनुहुन्छ भने उहाँहरुको नाम समेत पर्ने गरि (२०६१ मंसिर देखि २०६६ मंसिर भित्र जन्म भएकाहरु) उमेर सम्मका विद्यार्थी एवं बालबालिकाहरुको लागि लक्षित गरि कोरोना विरुद्धको **moderna** खोप लगाउने कार्य २०७८ पुष ०४ देखि ऐ १४ सम्ममा संपन्न गर्नु पर्ने भएकोले सञ्चालन पूर्व के-कति भ्याक्सिन र खोप जन्य सामाग्रीहरु आवश्यक पर्ने हो त्यसको सुक्ष्म प्लान गर्नका यसै पत्रसाथ संलग्न नामाबली विवरणहरु संबन्धित सबै विद्यालयहरुले पूर्ण रुपमा भरि संबन्धित वडाको स्वास्थ्य चौकी/प्रा.स्वा.केन्द्र मार्फत पालिकाको स्वास्थ्य शाखामा २०७८ पुष ०२ गतेसम्ममा पठाउनु हुन संवन्धित सबैमा अनुरोध छ ।

खोप कार्यकम कहाँ,कहिले लगाउने वारेको जानकारी स्थानीय संस्थाहरु र विद्यालयका प्र.अ.ज्यूहरु संग समन्वय गरि प्रकाशन र प्रचार प्रसार कार्य गरिने छ ।

जिवन रोना
नि.प्रमुख प्रशासकीय अधिकृत

- श्री रैनादेवि छहरा गाउँपालिका,शिक्षा शाखा समन्वय गरि दिनु हुन ।
- श्री रैनादेवि छहरा गाउँपालिका सूचना तथा प्रविधि शाखा पत्रलाई पालिकाको वेभ साईटमा अपलोड गरि दिनु हुन ।